## खारेज गरिने, गाभिने, पुनर्संरचना गरिने र हस्तान्तरण गरिने निकायहरू

**अनुसूची १६**

### क. खारेज गरिने तथा गाभिने निकायहरू

| सि.नं. | खारेज गरिने तथा गाभिने निकाय | कैफियत |
|---|---|---|
| १. | कपास विकास समिति | खारेज गरिने। |
| २. | राष्ट्रिय दुग्ध विकास वोर्ड | खारेज गरी सम्बन्धित मन्त्रालयबाट यस सम्बन्धी कार्य सम्पादन हुने। |
| ३. | फिलाटेलिक तथा टिकट व्यवस्थापन कार्यालय | खारेज गरी हुलाक सेवा विभागबाट कार्य सम्पादन हुने। |
| ४. | केन्द्रिय धनादेश कार्यालय | खारेज गरी हुलाक सेवा विभागबाट कार्य सम्पादन हुने। |
| ५. | अतिरिक्त हुलाक कार्यालय | खारेज गरिने। |
| ६. | बुढीगण्डकी जल विद्युत आयोजना, वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाइ | खारेज गरी यस सम्बन्धी काम बुढीगण्डकी जलविद्युत कम्पनीबाट सम्पादन हुने। |
| ७. | महिला तथा बालबालिका विभाग | खारेज गरिने। |
| ८. | नेपाल विश्वविद्यालय पूर्वाधार तयारी विकास समिति | खारेज गरिने। |
| ९. | विभिन्न मेडिकल कलेज पूर्वाधार विकास समिति | खारेज गरिने। |
| १०. | जिल्ला निर्वाचन कार्यालयहरू | खारेज गरी जिल्ला प्रशासन कार्यालयमा निर्वाचन इकाइ रहने। |
| ११. | तथ्याङ्क कार्यालयहरू | खारेज गरी स्थानीय तहबाट तथ्याङ्क सङ्कलन गरिने र समन्वयका लागि प्रादेशिक स्तरमा कार्यालय स्थापना गर्ने। |

| सि.नं. | खारेज गरिने तथा गाभिने निकाय | कैफियत |
|---|---|---|
| १२. | विभिन्न ताल संरक्षण विकास समिति | खारेज गरिने। |
| १३. | भुमिगत जलस्रोत विकास समिति | खारेज गरी अनुसन्धान सम्बन्धी कार्य जल तथा शक्ति आयोगबाट र पूर्वाधार सम्बन्धी कार्य जलस्रोत तथा सिंचाइ विभागबाट हुने। |
| १४. | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | खारेज गरी अनुसन्धान सम्बन्धी कार्य जल तथा शक्ति आयोगबाट र पूर्वाधार सम्बन्धी कार्य जलस्रोत तथा सिंचाइ विभागबाट हुने। |
| १५. | रेल्वे बोर्ड | खारेज गरी बोर्डको कार्य रेल विभागले गर्ने। |
| १६. | किटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र विकास समिति | खारेज गरी स्वास्थ्य सेवा विभागको इपिडेमियोलोजी महाशाखा अन्तर्गत सञ्चालन गरिने। |
| १७. | राष्ट्रिय सूचना प्रविधि केन्द्र | खारेज गरी यस सम्बन्धी कार्य सूचना प्रविधि विभागले गर्ने। |
| १८. | रेडियो नेपाल र नेपाल टेलिभिजन | दुवै निकाय गाभी एकिकृत सार्वजनिक प्रशारण संस्था गठन गरिने। |
| १९. | नेपाल इन्टरमोडेल यातायात विकास समिति | खारेज गरी समितिले गरिआएको कार्य नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेडले गर्ने। |
| २०. | पर्वतीय प्रशिक्षण विकास समिति | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानमा गाभिने। |

## ख. पुनर्संरचना गरिने निकाय

| सि.नं. | पुनर्संरचना गरिने निकाय |
|---|---|
| १. | सीमा नाका क्वारेन्टाइन कार्यालय, पशु क्वारेन्टाइन कार्यालय तथा खाद्य आयात निर्यात तथा गुणस्तर प्रमाणीकरण कार्यालयलाई गाभी एउटै कार्यालय बनाई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मातहत सञ्चालनमा ल्याउने। |
| २. | कृषि तथा पशु सम्बन्धी प्रयोगशाला, फार्म केन्द्र र स्रोत केन्द्रलाई प्रदेश तहमा हस्तान्तरण गर्ने। |
| ३. | जिल्ला हुलाक कार्यालय र इलाका हुलाक कार्यालयलाई पुनर्संरचना गरी एक स्थानीय तह एक हुलाक राख्ने। |
| ४. | विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई गाभी एकिकृत संरचना बनाउने। |
| ५. | मालपोत र नापी कार्यालयहरू आवश्यकता अनुसार क्रमशः एकीकृत गरि एकद्वारबाट जग्गा प्रशासन सम्बन्धी सेवा उपलव्ध गराउने। |

## ग. प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरिने निकाय

| सि.नं. | निकाय | हस्तान्तरण हुने तह |
|---|---|---|
| १. | पर्यटन प्रवर्द्धन विकास समितिहरू | सम्बन्धित प्रदेश/स्थानीय तह |